# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

**भाग : २**

**खण्ड : ७** **संख्या : ७** **मिति : २०८१/०४/०१**

# बालविवाह अन्त्यका लागि स्थानीय रणनीति, २०८०

CS CamScanner

प्रमाणितकरण मिति : २०८०/११/०८

विषय सुचि

१. पृष्ठभूमि : ...........................................................................................५

२.बालबालिका सम्बन्धि राष्ट्रिय कानुन, निति रणनिति एवं संक्षिप्त जानकारी..........६

३. नेपालमा बालविवाहको अवस्था..........................................................................७

४. पुर्वीचौकी गाउँपालिकाको संक्षिप्त परिचय.........................................................८

५.बालविवाहको वर्तमान स्थिति................................................................................९

६.रणनीति तर्जुमा प्रक्रिया...........................................................................................१०

७. बालविवाहका मुख्य कारणहरु र परिणामहरु विश्लेषण ..................११

८. रणनीति योजनाको औचित्य ...............................................................................१२

९. रणनीतिका सिद्धान्तहरू ......................................................................................१२

१०.यस रणनितिको परिकल्पना, ध्यये, लक्ष्य र उद्देश्यहरु अपेक्षित उपलब्धिहरु......१३

११.रणनीतिक कार्यदिशा ............................................................................................१३

१४. कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्यांकन ..............................१८

१५.गाउँ पालिकास्तरीय सरोकारवालाहरुको भुमिका ......................................१९

१६.मुख्य क्रियाकलापहरुको सुचि ..........................................................................२२

१७. अनुमानित बजेट............................... .......................................२४

१८. श्रोत व्यवस्थापन ..................................................................................२४



CamScanner

१. पृष्ठभूमि :

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी अपराध संहित ऐन, २०७४मा विवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हनन्को बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् ।

बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सर्न्दभमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन गर्नु उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

पुर्वीचौकीगाउँपालिकामा बालविवाह गर्ने प्रचलन परिवर्तन हुदै आएको पाईन्छ । पालिकाले पनि महिला संग उपाध्यक्ष कार्यक्रम जस्ता प्रभावकारी कार्यक्रमहरु तय गरि कार्यान्वनमा ल्याएको छ भने बाल मैत्री स्थानिय शासन अवधारणा अबलम्बन गरी वडा नं.१ बाट घोषणा अभियानको थालनी गरिएको छ । पहिले सामाजिक परम्परा र रितिरिवाज अनुसार किशोरावस्थामै विवाह गर्ने चलन थियो तर अहिले अभिभावकहरुले उच्च शिक्षा अध्यायनका लागि बालबालिकाहरुमा लागानि गर्ने प्रचलनमा सुधार भएको छ । यद्यपी केहीकिशोर किशोरीहरुले आफै विवाह गर्ने गरेको पाईएको छ । नेपालको राष्ट्रिय बाल विवाह अन्त्य पाश्वचित्र २०२० का अनुसार नेपाल ५ लाख बालिका दुलहीहरुको घर हो त्यसमा पनि १ लाख ३० हजार १५ वर्ष मुनिका बालिकाहरु रहेका छन् । डोटी जिल्लामा राष्ट्रिय जनगणना २०७८ का अनुसार बाल विवाह घटिरहेको अवस्थमा देखाएको छ । पालिका बालअधिकार समितिको तथ्यांक अनुसार करिब ३० प्रतिशत बालविवाह भईरहेको देखिन्छ ।पुर्वीचौकी गाउँपालिकामा पनि वाल विवाह एउटा मुख्य समस्याको रुपमा रहको हँदा वाल विवाह अन्त्य गर्दै यस गाउँपालिकालाई वालविवाह मुक्त गाउँपालिका बनाउनको लागि यो रणनीति तयार गरी लागु गरिएको छ ।

२.बालबालिका सम्बन्धि राष्ट्रिय कानुन, निति रणनिति एवं संक्षिप्त जानकारी :

विश्वव्यापी स्तरमा बाल विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs)(२०१६–२०३०) मा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । हाम्रो देशले संयक्त राष्ट्रसंघीय

बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको अढाई दशक पूरा भइसकेको छ । यस बीच संविधान, कानून, नीति, योजना, कार्यक्रम तथा संस्थागत व्यवस्थामा बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता सम्बन्धी उल्लेखनीय प्रयास भएका छन् । नेपालले सन् १९९० सेप्टेम्बर १४ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको थियो ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सबलीकरण: चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९, महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994)चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न महासन्धि तथा ईच्छाधिन आलेखहरु मार्फत नागरिकहरुको आधारभूत अधिकारहरु बिषेशत: बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage)लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०३० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC)को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018)तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नकोलागि काठमाडौं आब्हान"(Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ । नेपाल सरकारले सन् २०३० सम्ममा बालविवाहको अन्त्यका लागि राष्ट्रिय रणनीति-२०७२ तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याएको छ ।

नेपालको संविधान २०७२ को धारा ३१ अनुसार शिक्षा सम्बन्धि हक, धारा ३५ अनुसार स्वास्थ्य सम्बन्धि हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाका हकहरुले बालबालिकाहरुको सबै अधिकार सुनिश्चित गरेको छ । बालबालिकाको अधिकार सुनिश्चित गर्न थुप्रै कानूनी व्यवस्था गरिएको छ, जसमा बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६, स्थानीय

सरकार संचालन ऐन, २०७४ बालबालिकाका निम्ति विशेष ऐनका रुपमा रहेका छनभने, मुलुकी अपराध (संहीता) ऐन, मुलुकी देवानी (संहीता) ऐन, २०७४ को दफा १७३, बालबालिका सम्बन्धि निति २०६९ समग्र राष्ट्रिय कार्ययोजना २०७०।७१-०७४।७५ लगायत अन्य धेरै ऐन तथा निति नियमहरुमा बालबालिकाका सम्बन्धी पुर्ण व्यवस्थाहरु भएको पाइन्छ । यस अतिरिक्त बालन्याय ( कार्यविधि)नियमावली, २०६३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन्। मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६,कमैया (श्रम निषेध गर्ने) सम्बन्धी एने , २०५८, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकिकृतका साथै हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास केन्द्र संचालनमा रहेका छन् । बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित एने कानूनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरुबाट कार्यान्वयनमा रहेकाछन्। यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्तावेज को रुपमा रहेको पाईन्छ ।

३. नेपालमा बालविवाहको अवस्था :

नेपाल बालविवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ । वि.स. २०६८ को जनगणना अनुसार नेपालमा एक लाख ३८ हजार १५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ। त्यसमध्ये पनि एक लाख १५ हजार १ सय ५० बालिका रहेको तथ्याङ्कले देखाउँछ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ ले नेपालमा २० वर्षदेखि २४ वर्ष उमेर सभूहका ४१ प्रतिशत महिलाको विवाह १८ वर्ष पुग्न अगावै भएको उल्लेख गरेको छ। अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत पुरुषहरुको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ। युनिसेफले प्रकाशित गरेको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा ३७ प्रतिशत बालिका १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् । यसैगरी १० प्रतिशत बालिका १५ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् । विशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ । विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बझाङ, दार्चुला आदिमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समुदायका साथै सीमान्तकृत समूहहरु जस्तै: दलित, जनजाती र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ।

४. पुर्वीचौकी गाउँपालिकाको संक्षिप्त परिचय :


नेपालको संविधान २०७२ संगै सुदुरपश्चिमप्रदेश का ९ जिल्ला मध्ये डोटी जिल्लामा अवस्थित पूर्वमा अछाम, पश्चिममा दिपायल सिलगढी नगरपालिका, दक्षिणमा बोगटान गाउँपालिका तथा अछाम र उत्तरमा सायल गाउँपालिका र खप्तड राष्ट्रिय निकुन्ज संग जोडिएर ११७६५वर्ग कि.मि.मा फैलिएको



CamScanner

यो गाउँपालिका २०७३ साल चैत्र १ गते नेपाल सरकारबाट पुर्वीचौकी गाउँपालिकाको रुपमा घोषणा भई आफ्नो कार्यारम्भ गरेको गाउँपालिका हो । साविकका खिरसैनसानागाउँ, गैरागाउँ, काडामाण्डौ, गाजरी, पोखरीर बगलेक गा.वि.स.हरुलाई मिलाएर पुर्वीचौकी गाउँपालिकाको रुपमा स्थापित भएको छ । यो पालिका भौगोलिक अवस्थिति र स्थानीयवासिलाई सर्वसुलभ सेवा प्रवाह र प्रशासनिक सहजताकाको हिसावले ७ वटा वडामा विभाजन गरिएको छ ।

संविधानको घोषणा पछि नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीमा पूर्ण रुपले प्रवेश गरिसकेको अवस्था छ । यसै पद्धती अनुरुप राज्यलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहेर शासन सञ्चालनको ब्यवस्थाकासाथ क्रमिक रुपले कार्यान्वनयको चरणमा अघि बढीरहेकोछ । संविधान प्रदत्त स्थानीय तहका अधिकार क्षेत्र र स्थानीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आम नेपालीकालागि आजको प्रमुख अभिभारा भएकोछ । यस अभिभारालाई परिणाममुखि बनाउन स्थानीय सरकारको हैसियतमा स्थानीय तहले सम्पादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सांस्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा ब्यवस्थित, प्रभावकारी र समयबद्धरुपमा वालमैत्री स्थानीय शासनको मूलमर्म र भावना बमोजिम बर्तमानको आवश्यकताका आधारमा बालमैत्री गाउँपालिका घोषणालाई ब्यवस्थापनकालागि आधार तयार पर्नु अनिवार्य छ । तसर्थ पुर्वीचौकी गाउँपालिकाले यथार्थ सूचनाका आधारमा वालवालिकाहरूको आधारभुत अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता क्रमिक रुपले पुरा गर्दै यस गाउँपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न सरोकारवालाहरुको सहभागितामा बाल विवाह अन्त्य गर्ने रणनिति तयार गरी सोहि बमोजिम गाउँपालिकालाई वालवालिकाहरूको तमाम अधिकारहरूलाई परिलक्षित गरि सोहि अनुसारका कार्यकम तथा योजनाहरू सञ्चालन तथा ब्यवस्थापन गर्ने अठोट र प्रतिवद्धताका साथ यो रणनिति योजना तयार गरिएको छ ।





५.वर्तमान स्थिति :

कानुनी बन्देज तथा विभिन्न सचेतनामुलक कार्यक्रमका कारण जिल्लामा वालविवाह, प्रचलन क्रमश: कम भएको आमसञ्चारको माध्यमबाट सुन्न पाइन्छ, तर जिल्लाको सबै क्षेत्र वा समुदायमा उमेर नपुगी विवाह गरिदिने चलन रहेको छ । यद्यपी अहिले वालबालिकाहरुको विवाह गरिदिने भन्दा पनि उनीहरु आफै विवाह गर्ने प्रचलन बढ्दो छ । कतिपय अवस्थामा वालबालिकाका घटना उजागर हुदैनन् । तर पनि संघसंस्था र समाचार माध्यमले यस्ता घटनाहरुलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । यस पुर्वीचौकी गाउँपालिकामा बालविवाह हुने गरेको यथार्थता रहिरहेको छ ।

यस पालिकामा माणि विवाह वा जबरजस्ति गरिने विवाह विगत तीन चार बर्ष देखिनै न्यूनिकरण हुदै आएको छ । यस्तो रुपमा गरिने विवाह अहिले विरैले हुनेगर्दछन् र कहा हुन्छ भन्ने पनि जानकारीमा आउदैन् । बालविवाह सम्बन्धि भएका कानुनी सचेतना र सामाजिक परिचालनका अभ्यासले गर्दा मागि विवाह वा जबरजस्ती हुने विवाहमा कमि आएको हो । तर किशोर किशोरीले देखासिकि र यो उमेरमा हुने विपरित लिंगी आकर्षणका कारण विवाह गर्ने प्रचलन बढ्दो छ । त्यस्ता विवाह औपचारिक रुपमा सामाजिक संस्कार अनुरुप हुने गरेका छैनन् । जति विवाह हुन्छन् लुकिछिपि हुने र अन्त्यमा गर्भाधारण भईसकेपछि सार्वजनिक हुने गरेको अवस्था देखिन्छ । कतिपय हुन लागेका विवाह स्थानीय तहको प्रयासमा रोकिएका पनि छन् । कानुनी कार्वाहीको डरले तत्काल अलग अलग बस्ने सम्झौतामा सम्बन्ध विच्छेद भए पनि केहि समय पछि संगै बस्ने गरेका उदाहरणहरु प्रशस्त भेटाउन सकिन्छ । यसले गर्दा उमेर नपुगी हुने विवाहमा कमि आउनुको साटो सामाजिक तथा कानुनी रुपमा औपचारिक मान्यता दिनु अगावै संगै बस्ने, बच्चा जन्मिने तथा गर्भाधारण हुने गरेकाले कानुनको प्रभावकारी परिपालनामा चुनौति रहेको देखिन्छ ।

बालविवाहको अवस्था पत्ता लगाई प्रभावकारी रणनीति तयार पार्नको निमित्त यस रणनितिको मस्यौदा गर्दा समुदाय स्तरमा केही समुह लक्षित छलफल तथा जिम्मेवार व्यक्तिहरु संग अर्न्तवार्ता गरेको थियो । उक्त छलफल तथा अर्न्तवार्ताले समुदायस्तरमा बाल विवाह हुने गरेको तर विगत बर्ष भन्दा आधाले बाल विवाहमा कमि आएको बताउनु भयो । बाल विवाह परिवारका मान्छेहरुले गरिदिने स्थितिमा धेरै कमि आएको कुरा



भन्नु भयो भने उमेर नपुगि गरिने विवाहमा उहाँहरुको २० बर्षे उमेरहद बढी भएको र हाम्रो सामाजिक र साँस्कृतिक प्रचलन अनुसार यो अवधिमा बढी विवाह हुने गरेकाले उमेर नपुगि गरिने विवाह तथ्यांकमा बढी देखिने गरेको कुरा समेत गर्नुभयो यद्यपी अहिले १८ बर्ष भन्दा मुनिको विवाहमा गाउँपालिका र स्थानिय संघ संस्थाहरुको प्रयासले निकै कमि आएको कुरा बताउनु भयो । छलफलकै क्रममा उहाँहरुले केटाभन्दा केटीहरुले कम उमेरमा विवाह हुने गरेको बताउनु भयो ।

६.रणनीति तर्जुमा प्रक्रिया :

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनिति अनुसार यस गाउँपालिकाले बाल विवाह न्युनीकरण गर्नका लागि गाउँपालिकाको अगुवाईमा वर्ल्ड भिजन ईन्टरनेशलको सहयोग तथा सिड नेपालको सक्रिय सहभागितामा विभिन्न सुझावहरु लिईयो रणनीति तयार गरेको छ । स्थानीय तहमा भएका विभिन्न खोज तथा अनुसन्धानका आधारमा यो रणनीति तर्जुमा गरिएको छ । रणनीति तयार गर्दागाउँ कार्यपालिका र वडा समिति तथा गाउँपालिका स्थित विषयगत शाखाहरुर स्थानिय बालअधिकार समितिले बालविवाह न्यूनिकरणका लागि विगतमा गरेका अभ्यास र समुदायका विभिन्न तहका सामाजसेवी, स्थानीय बुद्धिजीवि, राजनितिज्ञ सहित जनप्रतिनिधिको सुझावलाई मध्यनजर गर्दै तयार पारिएको छ । भने मुख्य व्यक्ति अर्न्तवार्ता र लक्षित समुह छलफल गरि आएका

सल्लाह तथा सुझावहरुलाई समेत समेटिएको छ । यो रणनीति तयार पार्न तपशिलको प्रक्रिया अपनाइएको थियो ।

- वर्ल्ड भिजन र सिड नेपालको सहजिकरणमा गाउँपालिका स्तरका सरोकारवालाहरु सरलिकृत गर्न र रणनीति मस्यौदाको लागि स्वतन्त्र परामर्शदाता छनौट तथा परिचालन
- सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल समूह, स्थानीय प्रहरी निकाय, वर्ल्ड भिजन र सिड नेपाल लगायतका प्रतिनिधिहरु) को सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तक्रिया तथा छलफल
- बाल समुह, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अर्न्तक्रिया संचालन ।
- प्रारम्भिक गोष्ठीमा गाउँपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।
- बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाडँ फाँड ।
- गाउँपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह न्यूनीकरण रणनीति प्रारम्भिक मस्यौदा लेखन र गाउँपालिका स्तरका सरोकारवालाहरु बिच मस्यौदापेश र छलफल । नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।
- गाउँपालिका स्तरको रणनीति मस्यौदा कार्यपालिकामा पेस तथा छलफल गरी बालविवाह न्यूनीकरण रणनीति २०८० पारित गरि लागु ।



नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र पुर्वीचौकी गाउँपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै गाउँपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी मिति २०८०/०६/०१लागू गरिएकोछ ।

७. बालविवाहका मुख्य कारणहरु र परिणामहरु विश्लेषण :

बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, वालापन शोषण, सामाजिक आर्थिक परिस्थितिमा नकारात्मकता र देशका भावी कर्णधारहरुको उचित शिक्षा दीक्षा नहुनु रहेको छ । बालविवाहको अवस्था अध्ययनका लागि गरेको लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रिया, मुख्य व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस पुर्वीचौकी गाउँपालिकामा बालविवाह हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

**बालविवाहका मुख्य कारणहरु :**

- साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको दवावलाई नकार्न नसक्नु ।

- बालविवाह दण्डनीय अपराध भएको बारेमा सचेतनाको कमी ।
- उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारीमा कमी ।
- बालबालिका सम्बन्धी विद्यमान नीति, कानून र रणनीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
- किशोरकिशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी ।
- किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव ।
- विवाह सम्बन्धी परम्परागत गलत मूल्य मान्यताहरु ।
- गरिबी, परिवारिक दवाव साथै छोरीलाई बोझको रुपमा लिने पितृसत्तात्मक सोच ।
- गरगहना लगाउन पाइने, प्रेमले भरिपूर्ण जीवन र विवाहपछि विद्यालय जान नपर्ने सोचाई ।
- २० वर्षभन्दा कम उमेरमा हुने विवाहबाट हुनसक्ने हानि र समस्याको बारेमा परिवार एवं बालबालिकाहरु अनविज्ञ भएको ।
- किशोरकिशोरीले विवाहलाई योजना भन्दा घटनाको रुपमा स्विकार गरेको ।
- अभिभावकबाट मागि बाल विवाह रोकिएता पनि भागि विवाहमा अभिभावकले नै स्वीकार गर्ने प्रवृत्तिले बाल विवाहलाई प्रशय मिलेको ।
- किशोरकिशोरीले सामाजिक संजाल संचार साधानको प्रयोग मार्फत बाल विवाह गर्ने गरेका ।

**बालविवाहका मुख्य असरहरु :**

- पारिवारिक मायाममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने ।
- किशोर किशोरी अवस्थामा शिक्षामा गुणस्तर कम हुदै जाने र विद्यालय शिक्षामा निरन्तरता दिन नसक्नु र भावी दिनहरुमा बेरोजगारीको चपेटामा पर्नु ।
- बाल अधिकारको हनन् भई विभिन्न प्रकारका शोषणहरुको शिकार हुनु ।
- बाल मजदुरीको दलदलमा फस्नु ।
- किशोरीहरुको शारीरिक, प्रजनन, बौद्धिक र मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्नु ।
- कम तौल र अपरिपक्व बच्चाको जन्म हुनु र गर्भवती तथा सुत्केरी अवस्थामा विभिन्न जटिलता आई आमा र बच्चा दुबैको ज्यान समेत जान सक्ने खतरामा पर्नु ।
- बाल विवाह गर्ने/गराउनेलाई कानूनले दण्डको व्यवस्था गरेता पनि दण्ड दिने प्रक्रियामा बालविवाहको मुद्दा नपुगेको अवस्था छ ।

८. रणनीतिको औचित्य :

नेपालले बाल विवाहलाई दण्डनीय अपराध माने तापनि यो प्रचलनलाई अझै पूर्णरुपमा हटाउन सकेको छैन । नेपालको संविधानले महिला तथा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापिंत गरेको छ । यसका साथै संविधानत: बालवालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा,प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताकासाथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि पनि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।



CamScanner

वाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं वालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने र प्रतिबद्धता सहितको कार्ययोजनाको आवश्यकता छ ।बाल विवाहको अन्त्य गर्ने र बाल विबाहको कारणवाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई उनीहरुको सर्वाङ्गिण विकासका साथै गाउँपालिकाको विकासमासमान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता छ ।

गाउँपालिकाले बालमैत्री गाउपालिका बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने भन्ने पुर्वीचौकी गाउँ कार्यपालिकाबाटनीतिगत निर्णय गरेकाले यसलाई मुर्त रुप दिन आवश्यक रहेकोछ ।

९. रणनीतिका सिद्धान्तहरू :

**बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

**बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

**बालसंरक्षणः** बाल विवाह, बेचविखन तथा ओसारपसार, बन्धक बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ । ।

**समानताको अधिकार :** प्रत्येक बालबालिकालाई उसको लिंग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

**अर्थपूर्ण सहभागिताः** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो विचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भई उनीहरूको महत्व बढाउन योगदान पुग्छ

**राज्यको दायित्वः** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाह को रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

१०.यस रणनितिको परिकल्पना, ध्यये, लक्ष्य र उद्देश्यहरु :

यस रणनितिको परिकल्पना**"बाल विवाह मुक्त, पुर्वीचौकी गाउँपालिका ।"**

**"पुर्वीचौकी गाउँपालिकाको लक्ष्य, सम्मुनत समाज निर्माणका लागि बालविवाहको अन्त्य"** भन्ने आदर्श वाक्य समेत तयार पारिएको छ ।

**ध्येय :** बालमैत्री एवं लैगिंक समानतामुलक समाजको स्थापनाका लागि अग्रसर यस गाउँपालिकालेबालबालिकाहरुको सशक्तिकरण मार्फत अधिकारको सुनिश्चितता गर्नेछ ।

**लक्ष्यः पुर्वीचौकी गाउँपालिकालाई वि.स.२०८४साल** सम्ममा बाल विवाह मुक्त गाउँपालिका घोषणा गर्ने ।



CamScanner

**उद्देश्यहरू :**

**उद्देश्य १.**बाल विवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार स्थानिय निति तथा कार्यनितिहरु, आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरु निर्माण गरि प्राथमिकताका साथ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**उद्देश्य २.**बाल विवाह अन्त्यका लागि संस्थागत संरचना सुदृढिकरण गरी प्रभावकारी समन्वयका कार्यहरु संगै बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर- किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्वद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

**उद्देश्य ३.**बालबालिका बिशेषत: बाल विवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाई तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य ४.**बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङकन गर्ने र सर्वपक्षिय तथा बिशेष गरी बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गर्ने ।

**उद्देश्य ५.**गाउँपालिका तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्ने संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**अपेक्षित उपलब्धिहरु :**

- बालविवाह अन्त्यका लागि आवश्यक निति, रणनिति र निर्देशिकाहरु निर्माण भई विस्तृत कार्य योजना सहित गाउँपालिका कार्यान्वयनमा केन्द्रित भएको हुनेछन् ।
- बालबालिकाहरुको आधारभुत आवश्यकताहरु (शिक्षा स्वास्थ्य)को गुणस्तरहरुमा सुधार हुनुका साथै पहुँच वृद्धि भई बालविवाह वार्षिक रुपमा १० प्रतिशतले कमि भई यो रणनितिक योजना अवधिमा बाल विवाह अन्त्य भएको हुनेछ ।
- घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सोसम्वन्धमा वहन गरिनुपर्ने उत्तरदायित्ववारे सचेतनाको स्तरमा अभिवृद्धि भई बालबालिकाहरुलाई गरिने व्यवहारमा सुधार भएको हुनेछ ।
- बालबालिकासँग प्रत्येक्ष्य सम्बन्धित सरकारी निकायहरू र गैरसरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।
- जुनसुकै उमेर र किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।
- कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समूह र बाल समुह/संजाल गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक कियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।
- प्रत्येक समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।



CamScanner

- स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बाल समुह/संजाललाई परिचालन गरिएको हुनेछ ।

११.रणनीतिक कार्यदिशा :

बालविवाह कमि ल्याउँदै यसको अन्त्यका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

***क) बालिका र किशोरीको सशक्तीकरण :***

- विधालयमा अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको बिकास गर्ने ।
- समुदायमा दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुँच बढाउने ।
- विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको पहुंच सुनिश्चित गर्ने ।
- गाउँपालिकामा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालिका र तिनका परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी पहुँच सुनिश्चित गर्ने ।
- बाल विवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्ने वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।
- बालिकाहरुको लागि जीवनउपयोगी सीप र वित्तिय साक्षरता तालिम तथा गतिविधिहरुमा संलग्नता बढाउने ।
- बालबालिकाहरुका लागि निरन्तर सिकाई वृद्धिका गतिवधिहरु संचालन गर्ने जस्तै विधालय स्तरमा उपचारात्मक कक्षाहरु, STEAM approach Education for girls (Science, Technology, Engineering, the Arts and Mathematics), व्यवसायीक र सीपमुलक पहुँच वृद्धि गर्ने ।
- महिला रोजगारीका लागि क्षमता विकास कार्यक्रमहरु संचालनमा ल्याउने । जस्तै : लोक सेवा तयारी कक्षा, महिला रोजगार सुचना केन्द्र, छोटो अवधिका रोजगार मुलक तालिमहरु संचालन गर्ने।
- बालिका संरक्षणका लागि बालिका जन्मिने वित्तिकै मेरी छोरी प्यारी छोरी कार्यक्रम अन्तंरगत २० बर्षे बिमा कार्यक्रम संचालनमा ल्याउने ।
- किशोरीहरुका लागि भविष्य छनौट कार्यक्रम संचालन गर्ने । जस्तै सुदुरपश्चिम प्रदेश सरकारको सानै छु म बढ्न देउ बाल विवाह होईन पढ्न देउ कार्यक्रम विस्तारका लागि अनुरोध गर्ने ।
- अप्ठेरोमा परेका महिला तथा बालिकाहरुका लागि अल्पकालिन सुरक्षित आवास कार्यक्रम संचालनमा ल्याउने ।
- पालिकामा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई बजेट तथा कार्यक्रम सहित प्रभावकारी र पुर्ण रुपमा संचालनमा ल्याउने ।
- विधालय स्तरमा तथा समुदाय स्तरमा रुपान्तरण कक्षाहरु संचालनमा ल्याउने ।

**ख. बालिका र किशोरीहरुको लागि गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने :**



CamScanner

- विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।
- विद्यालयबाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई बिभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, नि:शुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) पहुँच वृद्धि गर्दै विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।
- भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेसा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।
- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान संचालन गर्ने ।
- छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।
- बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education)र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्वन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- बिद्यालयमा गुनासो पेटिकाको व्यवस्था गर्ने लैगिक समन्वय तथा सम्पर्क व्यक्ति तोक्ने र वालवालिकाहरुका गुनासोहरुको सुनुवाई गर्ने प्रणाली प्रभावकारी बनाउने ।
- विधालयमा बाल मैत्री शिक्षण सिकाई वातावरण निर्माणका लागि कार्य गर्ने, स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र परामर्श सेवा विस्तार गर्ने
- शैक्षिक सुधारका लागि संयुक्त अनुगमन अभ्यासहरुको थालनी गर्ने ।

ग) बालक, किशोर तथा पुरुषहरूको सहभागिता :

- बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिवृद्धि गरी बाल विवाह , लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।



CS CamScanner

- सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बाल विवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बाल विवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारे जनमत सृजना गर्ने।
- बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने।
- बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाह मा सहभागी हुने, छाउपडी प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने।
- बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरु, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने।
- बाल विवाहबाट सृजित लैङ्गिक हिंसाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिवृद्धि गर्ने।
- बालबालिका सशक्तिकरणका लागि बालिका संग उपाध्यक्ष र बालक संग अध्यक्ष जस्ता विशेष कार्यक्रम संचालन गर्ने।

घ) परिवार र समुदायको परिचालन गर्ने :

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत सामाजिक अगुवाहरूको सहभागितामा बाल विवाह विरुद्धको अभियान संचालन गर्ने।
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने।
- सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बाल विवाहका विरुद्धमा परिचालन गर्ने।
- छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बाल विवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रुपमा स्वीकार गरी "बाल विवाह मुक्त वडा तथा स्थानीय तह" को अभियान संचालन गर्ने।
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरुमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै लैङ्गिक हिंसा तथा भेदभाव विरुद्धको सामाजिक प्रवर्द्धन र क्षमतामा अभिवृद्धि गर्ने।
- बाल विवाह नगर्ने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने
- बाल विवाह विरुद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र संजाल मार्फत प्रसारण गरी बाल विवाह अन्त्यको अभियानलाई सशक्त बनाउने।

ङ) सेवा प्रवाह :

- बाल विवाह को जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने।



CamScanner

- किशोरकिशोरीमैत्री यौन तथा प्रजननस्वास्थ्य सम्वन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्वन्धी सेवामा विवाहित तथा बाल विवाह को जोखिममा रहेका अविवाहित बालबालिकाको पहुंच सुनिश्चित गर्ने ।
- बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने ।
- पारीवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्वन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।
- बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क विन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडापालिकाको कार्यालय, बालक्लव, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरूका कार्यक्रमहरूमा बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- स्थानीय निकायमा बाल विवाह सम्वन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- विवाह भैसकेका बालिका, बालविधुवाका आवश्यकतालाई सम्वोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने ।
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**च) कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन :**

- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सुझावहरुको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बालिका र महिलाको सशक्तिकरणको लागि महिला हिंसा विरुद्धका स्थानिय स्तरमा निति तथा कार्यबिधि तयार गर्ने
- गाउँपालिकामा गठित न्यायिक समितिका पदाधिकारीहरूलाई बाल विवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।



CamScanner

- विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बाल विवाह विरुद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।
- कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने ।
- बाल विवाह भएको अवस्थामा विवाह खारेज गर्न चाहनेहरूको लागि आवश्यक कानुनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्तिको सुनिश्चित गर्ने ।

**छ) थप रणनीति**

- बाल विवाह गरेमा वडा/गाउँपालिकाबाट दिने सेवा, सुविधा, सिफारिसमा रोक लगाइने छ ।
- बाल विवाह गरेमा विद्यालयबाट दिने शैक्षिक छात्रवृत्ति बन्द गरिनेछ ।
- बाल विवाह नरोकेको हकमा केटाको व्रतबन्ध गर्ने चलनलाई रोक लगाउनेछ ।
- नेपाल लगायत अन्य देशको सेवा/प्रहरी हुन अविवाहिताको सिफारिस चाहिने भएकोले सबै घरपरिवारलाई यस सम्बन्धमा सूचना दिने । विशेषत: सेना/प्रहरीमा जागिर खानको लागि अविवाहितको सिफारिस आवश्यक पर्ने भएको हुदा स्थलगत अध्ययन गरेर मात्र दिने र कुनै पनि पक्षले दिनुपर्छ भनि दवाव दिन पाइने छैन ।
- विद्यालय छोडेका १८ वर्ष भन्दा माथिका किशोर किशोरीहरुको लागि स्वरोजगार र सिप विकास कार्यक्रम दिने ।
- छोराछोरीले बाल विवाह गरेमा निजका अभिभावकलाई राजनीति र अन्य सामाजिक समितिमा अयोग्य मानिने छ ।
- आमा समुहको वैठकमा बाल विवाह विरुद्धको अभियानमा सक्रियता वृद्धि गर्न अन्तरक्रिया र रणनीतिको सम्वन्धमा समिक्षा गरिने छ ।
- बालविवाह गर्दिन भनेर बालबालिकाको व्यक्तिगत तथा सामूहिक प्रतिवद्धता लिने कार्यमा स्थानीय बालक्लवहरुको परिचालन गरिनेछ ।
- हरेक बालबालिकालाई जीवनको लक्ष्य निर्धारण गरी गुणस्तरिय शिक्षाको लागि प्रोत्साहन गरिनेछ ।
- बाल विवाहमा सहभागि नहुने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।
- बाल विवाह अन्त्य सम्बन्धी रणनीति प्रत्येक परिवारलाई घरमा गई पढीवाची सुनाएर हस्ताक्षर सहितको प्रतिवद्धता गरिनेछ ।
- बाल अधिकार कोष स्थापना गरि जोखिममा रहेका तथा विपन्न परिवारका बालबालिकाहरुलाई आवश्यक सहयोग प्रदान गर्ने ।

१४. कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्यांकन :

बाल विवाहको अन्त्य गर्ने यो रणनितिलाई कार्यान्वयनमा यस गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाहगर्नेछ र रणनीति कार्यान्वयनको लागि गाउँपालिका स्तरमा कार्ययोजना तयार गरिनेछ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहायअनुसारको

गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ । भने रणनितिको बार्षिक रुपमा समिक्षा गर्ने र अध्यावधि गराउँदै लगिने छ ।

क. गाउँपालिका स्तरमा

१. गाउँ पालिकाको उपाध्यक्ष — संयोजक
२. प्रतिनिधि, शिक्षा क्षेत्र हेर्ने — सदस्य
३. प्रतिनिधि, स्वास्थ्यक्षेत्र हेर्ने — सदस्य
४. प्रतिनिधि, स्थानियप्रहरी (चौकी,कार्यालय) — सदस्य
५. अध्यक्ष, गाउँपालिका स्तरीय बालसंजाल — सदस्य
६. बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी निकायका प्रतिनिधि — सदस्य
७. प्रतिनिधी, गाउँपालिकास्तरीय वडा बालअधिकार समिति — सदस्य
८. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
९. महिला, जेष्ठनागरिक तथा बालबालिकाशाखा हेर्ने — सदस्य-सचिव

ख. वडा स्तरमा

१. वडा अध्यक्ष — संयोजक
२. शिक्षक प्रतिनिधि — सदस्य
३. स्वास्थ्य स्वयंसेविका — सदस्य
४. प्रतिनिधि महिला सदस्य (वडापालिका) — सदस्य
५. बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी निकायका एक जना प्रतिनिधि — सदस्य
६. प्रतिनिधी, वडास्तरीय बालअधिकार समिति — सदस्य
७. वडा बालसञ्जालका प्रतिनिधि २ जना (बालक बालिका) — सदस्य
८. वडा सचिव — सदस्य-सचिव

ग. गाउँपालिका तथा वडास्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार :

क) रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताकासाथ समावेश गरी सम्बन्धित निकायमा पेश गर्न पहल गर्ने ।

ख) बाल विवाह विरुद्धका कार्यक्रमलाई संचालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

घ. समितिको बैठक :

१. कम्तिमा २ महिनामा एक पटक वस्नेछ ।

२. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

३. बाल विवाह मुक्त बस्ति,टोल वडा र पालिका घोषणा को लागि अनुगमन गर्ने घोषणा गर्ने गराउने ।

ङ. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरु :

१ बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयनमा विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण तथा छलफल ।

२ सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिवद्धता घोषणा ।



CamScanner

३ स्थानीयस्तरमा बालसंरक्षण तथा बालविवाह न्युनिकरणका लागि संयन्त्रहरु विस्तार, सबलीकरण र परिचालन।
४ बालविवाह न्युनिकरणका लागि आवधिक तथा वार्षिक योजना/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन।
५ बाल समुह, किशोरी वा बहिनी समूह र बाल अधिकार समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन।
६ बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान (Signature Campaign) संचालन।
७ अनुगमन, समीक्षा, मल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण।
८. बाल समुह र किशोरी/बहिनी समूहको अगुवाईमा बालविवाह मुक्त विद्यालय टोल बस्ति घोषणा।
९. बालविवाह मुक्त गाउँ टोल, वडा र गाउँपालिका घोषणा र यसको निरन्तरता।

<u>च. बाल विवाह मुक्त क्षेत्र घोषणाका सुचकहरु :</u>

१. यो रणनीति लागू भए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २० वर्ष भन्दा मुनिका बालविवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्ने।
२. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा सक्रिय रुपमा वकालत गर्दै आएका बाल समुहहरुले वार्षिक योजना बनाई अतिरिक्त कियाकलापहरुको आयोजना गर्दै गरेको।
३. प्रत्येक समुदायहरुमा बालविवाह निगरानी समूहहरुको स्थापना भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएका हुनु पर्ने।
४. प्रत्येक वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक होडिङ बोर्डहरु राखिएको हुनु पर्ने छ।
५. जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट सिफारिस लिई वडा कार्यालय वाट स्वीकृति लिनु पर्नेछ।
६. नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार २१वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरुको संख्या शून्य रहको हुनु पर्ने।
७. स्थानीय सरकार (गाउँपालिका वा वडा कार्यालयहरु) ले वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्ने।
८. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समहू गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक कियाकलापहरु संचालन गर्दै गरेको हनु पर्ने।

नोटः- माथि उल्लेखित सूचकहरु मध्ये ९० प्रतिशत सूचकहरु प्राप्त गरेको अवस्थामा बालविवाह मुक्त वडा/नगरपालिका घोषणा गर्न सकिने छ।

१५.गाउँ पालिकास्तरीय सरोकारवालाहरुको भूमिका :

| क्र.स | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ चौकी | • स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुमा आवश्यकतानुसार बाल विवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यकमहरु समावेश गर्ने।<br>• बाल विवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ सेवा कार्यक्रमसँग |

| | | |
|---|---|---|
| | | एकीकृत गर्ने । |
| २ | शिक्षा शाखा तथा विद्यालयहरु | • बाल विवाह विरुद्ध र बाल विवाहले पुर्‍याउने हानिका विषयका कार्यक्रमहरु विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुर्‍याउने ।<br>• बाल विवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बाल विवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम संचालन गर्ने । |
| ३ | प्रहरी कार्यालय | • बाल विवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानूनको कार्यान्वयन गर्न र दाईजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न अन्तर्गतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।<br>• विद्यमान नीति र कानुन अनुसार बाल विवाह गर्ने गराउने व्यक्तिहरूलाई कानुन बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने । |
| ४ | गाउँपालिका तथा वडा कार्यालयहरु | • बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई स्थानीय वाल मैत्री शासन कार्यक्रममा एकीकरण गरी बाल विवाह विरुद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अंगको रुपमा विकास गर्ने ।<br>• स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने<br>• पञ्जिकरण कार्यलाई प्रभावकारी बनाउने । |
| ५ | स्थानिय रेडियो एफ एम , पत्रपत्रिका | • बाल विवाहवाट बालिबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लंघन गर्दा हुने सजायका विषयका साथै बाल विवाह लाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम संचारका माध्यमको परिचालन गर्ने । |
| ६ | नागरिक समाज | • वाल विवाहका विरुद्धमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम संचालन गर्ने<br>• वाल विवाहको जोखिम रहेका क्षेत्रमा यस विरुद्धका कार्यक्रमहरु संचालन गर्ने<br>• वाल विवाहको अन्त्य गर्ने कार्यमा सरकार,विकासका साझेदार संस्थाहरु र निजी क्षेत्रसंग सहकार्य गर्ने । |
| ७ | स्थानिय गैर सरकारी संस्थाहरु | • वाल विवाहका विरुद्धमा सामाजिक जागरण ल्याउनका कार्यक्रमहरु संचालन गर्ने<br>• समुदाय तथा वस्ती स्तरमा वालविवाह बढि भएका क्षेत्रको अवस्था पहिचान गरि टोल स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने । |
| ८ | नीजि क्षेत्र | • यातायात व्यवसायी, उद्योग वाणिज्य संघ जस्ता नीजि व्यवसायी संघसंस्थाले बालविवाह भएको वा हुने सम्भावना देखेमा नजिकको प्रहरी चौकी वा सम्वन्धित परिवारलाई खबर गर्ने<br>• सार्वजनिक यातायातमा यात्रा गर्ने किशोर किशोरीको जोडी भए उमेरको अनुमान गरी वा संकास्पद देखिएमा नजिकको प्रहरी चौकीमा खबर गर्ने<br>• संकास्पद बालबालिकाको उमेर सोधेर मात्रै यात्रा गर्न अनुमति दिने<br>• बालविवाह गरी जोखिममा रहेका बालिकाहरुको राहत तथा पुनः स्थापनाका लागि सहयोग गर्ने |



CamScanner

१६.मुख्य क्रियाकलापहरुको सुचि :

१. बाल समुह, बालसंजाल, गठन तथा पुर्नगठन (समुदाय, टोल, विद्यालय, वडास्तरमा)
२. बाल अधिकार समितिको गठन तथा पुर्नगठन र सवलिकरण (समुदाय, विद्यालय, वडा तथा पालिका)
३. किशोरी समूह गठन तथा पुर्नगठन ( विद्यालय, टोल र वडास्तरीय)
४. बालविवाह विरुद्ध निगरानी समूह गठन, ( समुदाय, टोल र वडास्तरीय)
५. युवाक्लव गठन तथा परिचालन
६. आमा समूह, महिला स्वास्थ्य स्वयम्सेवक समूह, अभिभावक समूह गठन तथा परिचलन
७. वडास्तरीय बालसंरक्षण नीतिको तर्जुमा गरी कार्यान्वन गर्ने गराउने
८. अन्तरक्रिया कार्यक्रम (बाल समुह, अभिभावक, किशोरी समूह, अन्य सरोकारवालाहरु)
९. समुदाय छलफल तथा प्रतिबद्धता संकलन कार्यक्रम
१०.आवधिक प्रगति समिक्षाबैठक (त्रैमासिक) र निति तथा कार्य योजनाहरुको समिक्षा
११. बाल अधिकार, बाल संरक्षण तथा बालविवाह सम्बन्धि सरोकारवालाहरुलाई तालिम
१२. समुदाय, टोल र वडास्तरिय योजना तर्जुमा प्रक्रियामा बालबालिका, किशोरकिशोरी, आमासमूह, बाल अधिकार समितिहरुको सहभागिता गरी बाल केन्द्रित योजना पहिचान एवं समावेश गर्ने ।
१३. मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा संचालन (सडक नाटक, सांस्कृतिक कार्यक्रम र र्‍याली संचालन)
१४. बिहावारी २० वर्ष पारी अभियान संचालन
१५. बालविवाह विरुद्ध,पोस्टर पम्प्लेट, होडिङ बोर्ड र भित्तेलेखन
१६. सचेतनामुलक सन्देश प्रकाशन तथा प्रशारण ( एफ.एम.रेडियो जिगंल )कार्यक्रम
१७. बाल अधिकार, बेचबिखन, बाल विवाह र बाल यौन दूर्व्यवहार सम्बन्धि समुदायमा तालिम
१८. बाल अधिकार सुनिश्चित र निर्णय प्रक्रियामा बाल सहभागिता बृद्धिका लागि स्थानिय स्तरका सँगसंस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम
१९. बाल क्लबका सदस्यहरुलाई बाल अधिकार, बाल संरक्षण तथा बालमैत्री स्थानिय शासन सम्वन्धि तालिम
२०.बाल क्लबका सदस्यहरुलाई व्यक्तित्व विकास सम्बन्धि तालिम
२१.अभिमुखिकरण कार्यक्रम (बाल क्लब, किशोरी समूह, आमासमूह, अभिभावकहरु)
२२. किशोरकिशोरी सचेतिकरण कार्यक्रम
२३. पुरोहित, धामिझाँकी, मुखिया, अगुवाहरुलाई बालविवाह विरुद्ध अभिमुखिकरण एवं परिचालन
२४. जीवन उपयोगी सीप तथा आत्मरक्षा सम्बन्धि बालबालिकाहरुलाई तालिम
२५.विद्यार्थीहरुलाई बालअधिकार महासन्धी सम्बन्धि सचेतिकरण कार्यक्रम
२६.राजनैतिक दलका वडास्तरिय प्रमुख तथा प्रतिनिधिहरुसंग नीतिगत वहस एवं बालविवाह विरुद्ध प्रतिवद्धता
२७.बाल विवाह विरुद्धका घटनाहरु न्यायिक निकाय तथा प्रहरी, वडा कार्यालयहरुमा उजुरीको सहज पहुँच सुनिश्चित गर्ने ।
२८. विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग सम्वन्ध विस्तार तथा सिफारिस संयन्त्रको विकास गर्ने
२९. बालमैत्री स्थानियतह सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने तथा बालमैत्री वडा निमार्ण का लागि योजना तर्जुमा गर्ने



CamScanner

३०. बालबालिकामाथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्ने विषयमा तालिम तथा अन्तर्क्रिया संचालन गर्ने । बालहेल्पलाईन १०९८, जिप्रका १००, र महिला बालबालिका सेवा केन्द्र १०४ बारे जानकारी गराउने
३१. सरकारी तथा गैरसरकारी निकायको सहभागितामा सेवासुविधाबारे जोखिममा परेका बालबालिका र अभिभावकसँग छलफल गर्ने
३२. बालबालिका विरुद्धका घटनाहरुमा घटना अध्ययन गर्ने (Case Study)
३३. घटनाहरुको सुचिकरण गर्ने
३४. मनोसामाजिक सेवा प्रदान गर्ने
३५. आकस्मीक बालकोषको संचालन कार्यविधि बनाई बालकोष स्थापना गर्ने
३६. विपन्न तथा कमजोर आर्थिक अवस्था भएका घरपरिवारलाई आर्थिक र जिविकोपार्जन सहयोग
३७. किशोरीहरुलाई जिवन उपयोगी सीप तथा तालिम
३८.अनाथ बालबालिकाहरुलाई शैक्षिक तथा आर्थिक सहयोग
३९. समन्वय वैठकहरुसंचालन गर्ने
४०.सेवा प्रदायकहरुको पहिचान गरी स्रोत पहिचान गरी परिचालन गर्ने
४१.क्षमता विकासका लागि विभिन्न तालिम,अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने
४२. वडा समिति, बाल समुह, बाल अधकिार समिति, शिक्षक, अभिभावकहरुको सहभागितामा संयुक्त अनुगमन समितिको सहभागिता अनुगमन कार्य संचालन गर्ने
४३. गाउँपालिका तथा वडा समितिले संयुक्त अनुगमन गर्ने
४४. संचालित कार्यक्रमको आवधिक तथा मध्यावधिक मुल्याकंन गर्ने
४५.रणनिति अनुसार श्रोत व्यवस्थापन गर्ने बजेट विनियोजन र श्रोत सृजनाको लागि समन्वय तथा सहकार्य गर्ने ।

१७. अनुमानित बजेट तथा मुख्य क्रियाकलापहरु :

| क्रस | मुख्य क्रियाकलापहरु (उद्देश्यहरु) | बर्ष | | | | | श्रोत व्यवस्थापन | | ५ बर्षको बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | स्थानिय तह | साझेदार संस्था | |
| १ | उद्देश्य १ को लागि लगानी | ५००००० | ७००००० | ९००००० | ११००००० | १५००००० | २५००००० | २२००००० | ४७००००० |
| २ | उद्देश्य २ को लागि लगानी | ४५०००० | ५५०००० | ६५०००० | ७५०००० | ८५०००० | २०००००० | १२५०००० | ३२५०००० |
| ३ | उद्देश्य ३ को लागि लगानी | ४५०००० | ६००००० | ७००००० | ८००००० | ९००००० | २२००००० | १२५०००० | ३४५०००० |
| ४ | उद्देश्य ४ को लागि लगानी | ८००००० | ९००००० | १०००००० | १२००००० | १३००००० | ३५००००० | १७००००० | ५२००००० |
| ५ | उद्देश्य ५ को लागि लगानी | ३५०००० | ४५०००० | ५५०००० | ६५०००० | ७५०००० | १८५०००० | ९००००० | २७५०००० |
| जम्मा | | २५५०००० | ३२००००० | ३८००००० | ४५००००० | ५३००००० | १२०५०००० | ७३००००० | १९३५०००० |

१८. स्रोत व्यवस्थापन :

यस रणनीतिक योजनामा समावेश भएका कार्य सम्पन्न गर्नका लागि देहायअनुसार श्रोत व्यवस्थापन कार्यनीतिहरु अवलम्बन गरिनेछ :

- वडा कार्यालय, गाउँपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रोतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारि





CamScanner


बनाईनेछ। वडा कार्यालय र गाउँपालिकाबाट संचालित बालबालिका लक्षित कार्यक्रम यसै अन्तर्गत समावेश रहनेछन्।

- यस रणनीतिक योजनाको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं सचांलन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ। यसको लागि वडा समिति तथा गाउँपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईनेछ। वडास्तरमा वडा बाल अधिकार समिति, समुदायस्तरको बाल अधिकार समिति, बाल समुह, किशोरी समूह, गैससको सहकार्यमा स्रोत परिचालन गरिनेछ।

॥धन्यवाद॥







आज्ञाले

पितानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत